**TULSSAA journal**

**Vol. 12 No 1 Issue 15, March 2025**

**DOI- https://doi.org/10.3126/tulssaa.v12i1.77293**
**TULSSAA, Nepal**

# साहित्य-अनुसन्धानमा पुस्तकालयको परिवर्तित भूमिका

डा. अशोक थापा
नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय
Email: kazithapa@gmail.com
Orcid: https://orcid.org/0009-0004-5743-742X

## लेखसार

अरू अनुसन्धानमा जस्तै साहित्यको अन्वेषणमा पनि पुस्तकालयले अहम् भूमिका निर्वाह गरेको हुन्छ।प्राचीन समयदेखि साहित्यिक अनुसन्धानको मुख्य आधारको रूपमा पुस्तकालयलाई हेरिन्छ।यसले शिक्षक, विद्यार्थी र लेखकलाई आलोचनात्मक विश्लेषण, व्याख्या र रचनात्मक गवेषणका लागि आवश्यक स्रोत उपलब्ध गराउँदछ।यद्यपि, विद्युतीय युगको आगमनसँगै पुस्तकालयको भूमिका पृथक् रूपमा विकसित हुँदैगएको छ।यस अध्ययनले साहित्यिक अनुसन्धानमा पुस्तकालयको बदलिँदो भूमिकाको अन्वेषण गर्दछ, विशेष गरी पुस्तकालयको परम्परागत कार्य, विद्युतीय रूपान्तरण र साहित्यिक सामग्रीको पहुँचमा प्रविधिको प्रभावको सन्दर्भमा बहस गर्दछ।प्रस्तुत लेखमा घटनाअध्ययन र सम्बद्ध साहित्यको समीक्षाको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ।विशेष गरी साहित्यिक अनुसन्धानमा पुस्तकालयको योगदानको मूल्याङ्कन गर्न यहाँ गुणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ।यो अध्ययनको परिणामले के देखाएको छ भने पुस्तकालयले अभिलेखीय सामग्रीका आधारमा गरिने अनुसन्धानलाई सहज बनाइरहेका छन्।साथै यसले आन्तर्पाठीय अध्ययनलाई थप बल पुऱ्याइरहेको छ र

साहित्यिक सम्पदाको संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ।थप रूपमा, विद्युतीय भण्डारण, स्रोतको खुलापहुँच र कृत्रिम बुद्धिमता (एआई) को एकीकरणले साहित्यिक क्षेत्रमा नवीन सम्भावना खोलिरहेका छन्।प्रस्तुत लेखमा पुस्तकालयको परम्परागत भूमिका साथै प्रविधिको विकाससँगै यसको स्वरूपमा हुँदैगइरहेको परिवर्तित तथ्यलाई देखाइएको छ।तिनले केवल पुस्तक र पत्रिकाको भौतिक भण्डारको रूपमा मात्र नभई विद्युतीय सूचनाकेन्द्रको रूपमा पनि कार्य गरिरहेका छन्।यस लेखमा २१ औँ शताब्दीमा बौद्धिककर्मलाई अगाडि बढाउन पुस्तकालयको महत्त्व झनै बढेर गएको उल्लेख गरिएको छ।यसै गरी साहित्यिक अनुसन्धानमा पुस्तकालयको निरन्तर उपयोगितालाई पुष्टि गरेको छ।यहाँ परम्परागत र विद्युतीय स्रोतलाई समायोजन गर्दै पुस्तकालयले साहित्यिक अनुसन्धानलाई नयाँ उचाइमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् भन्ने निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जीः** *अभिलेखन, पुस्तकालयस्रोत, विद्युतीय अभिलेख,* सूचनापहुँच

**विषय परिचय**

मानवइतिहासमा पुस्तकालय लामो समयदेखि बौद्धिक र साहित्यिक अनुसन्धानका आधारशिला रहँदै आएका छ जसले ज्ञानको संरक्षण, अनुसन्धान र प्रसारका लागि महत्त्वपूर्ण सूचनाकेन्द्रको रूपमा भूमिका निर्वाह गर्दछ।साहित्यिक अध्ययनको क्षेत्रमा पुस्तकालयले पाठ्यसामग्री, आलोचनात्मक विश्लेषण र अभिलेखीय दस्तावेजको विशाल भण्डारमा पहुँच प्रदान गरी अन्वेषणशील अनुसन्धानलाई बढावा दिन्छ। विद्युतीय प्रविधिको विकासले सूचनापहुँचलाई थप व्यापक बनाए तापनि पुस्तकालयले गहन शैक्षिक अनुसन्धानको मेरुदण्डका रूपमा पनि काम गरिरहेका हुन्छन्।यहाँ व्यवस्थित स्रोत, ऐतिहासिक पाण्डुलिपि र विद्वत्तापूर्ण डाटाबेस उपलब्ध गराइन्छ जुन अन्यत्र प्रायः असम्भवजस्तै देखिन्छ।

ऐतिहासिक साक्षले के देखाएको छ भने पुस्तकालयले प्राथमिक पाठ्यसामग्री, दुर्लभ पाण्डुलिपि र साहित्यिक अध्ययनमा योगदान गर्ने आलोचनात्मक टिप्पणीहरू बटुलेर विद्वतापूर्ण अनुसन्धानलाई सहज बनाउँछन्।प्राचीन हस्तलिखित अभिलेखदेखि आधुनिक विद्युतीय पुस्तकालयसम्म यी संस्थाहरू अनुसन्धानकर्ताको बढ्दो आवश्यकता पूरा गर्न निरन्तर विकसित भइरहेका छन् जसले साहित्यिक अध्ययनलाई दिगो र सशक्त शैक्षिक विषयको रूपमा स्थापित गराएको छ।अनुसन्धानलाई मुख्य उद्देश्य

बनाएका पुस्तकालयको वृद्धि, विशेष सङ्ग्रह र अनलाइन अभिलेखको उपलब्धताले पुस्तकालयको महत्त्वलाई अझ बलियो बनाएको छ जसले साहित्यिक अनुसन्धानलाई फराकिलो र बहुआयामिक बनाएको छ।अनुसन्धाता पुस्तकालयको ज्ञानरूपी तलाउमा डुबेर मोती बटुल्न उद्धत् रहन्छन् ।

नेपालका सन्दर्भमा त्रि.वि. केन्द्रीय पुस्तकालयले लामो समयदेखि साहित्यअनुसन्धानलाई प्रेरणा दिइराखेको छ।नेपाली, अङ्ग्रेजी, हिन्दी, मैथिली, नेपालभाषा आदिका अनुसन्धाताले पुस्तकालयबाट प्रभावकारी सेवा लिइरहेका छन् । मदन पुरस्कार पुस्तकालय (नेपाली साहित्यको सबैभन्दा ठूलो सङ्ग्रहस्थल) ले पनि साहित्यको अन्वेषकलाई विशेष सहयोग पुऱ्याउँदै आएको छ।काठमाडौँबाहिरका पुस्तकालयले पनि साहित्यअनुसन्धानलाई उचित सहयोग पुऱ्याउँदै आएको देखिन्छ । परिवर्तित समयसँगै साहित्यिक अनुसन्धानमा पुस्तकालयको भूमिका किताब लेनदेनसँग मात्र सीमित छैन ।

संसारका थुप्रै पुस्तकालयजस्तै त्रि.वि. केन्द्रीय पुस्तकालयले पनि JSTOR, ProQuest, Full text database जस्ता अनुसन्धान डाटाबेसमा पहुँच प्रदान गरिरहेका छन् जसमा विज्ञसमीक्षित जर्नलका लेख, शोधपत्र र ऐतिहासिक दस्तावेजहरू समावेश हुन्छन्।साथै पुस्तकालयले सन्दर्भसेवा, अन्तरपुस्तकालय सापटी र साहित्यिक अध्ययनका विशेषज्ञ पुस्तकालयकर्मीबाट मार्गदर्शन सेवा उपलब्ध हुन्छन्।यी सेवाले अनुसन्धानप्रक्रियालाई समृद्ध बनाउने मात्र होइन साहित्यिक अध्ययनको विश्वसनीयता र शैक्षिक सञ्जालका रूपमा पनि काम गरिरहेका छन् ।

साहित्यअनुसन्धानमा पुस्तकालयको अमूल्य योगदानको बाबजुद यसले विद्युतीय युगमा विभिन्न चुनौतीको सामना पनि गरिरहेका छन्।साहित्यको तीव्र विद्युतीकरण, खुलापहुँच भएका सञ्जाल र एआईमा आधारित सर्च इन्जिनको सहायताले अनुसन्धानकर्ताले साहित्यिक अध्ययन गर्ने तरिकामा आमूल परिवर्तन गरेका छन्।यी प्रविधिगत प्रगतिले स्रोतको पहुँचमा सजिलो बनाए पनि उपलब्ध सामग्रीको प्रामाणिकता र गहनताबारे शङ्का उत्पन्न गरेका छन्।त्यसैले पुस्तकालयले दुर्लभ साहित्यिक कृतिहरूको संरक्षण गर्ने र अनुसन्धानमा अनुकूल वातावरणको प्रवर्द्धन गर्ने आफ्नो परम्परागत भूमिका कायम राख्दै विद्युतीय उपकरणहरूलाई समायोजन गरी अनुकूलन गर्न आवश्यक छ।

प्रस्तुत लेखमा साहित्यिक अनुसन्धानमा पुस्तकालयको परिवर्तनशील भूमिकाको अन्वेषण गर्ने लक्ष्य राखेको छ जसले प्राविधिक परिवर्तनका बीच पनि विद्वान्हरूलाई कसरी सहयोग पुऱ्याइरहेका छन् भनी विश्लेषण गर्दछ।शैक्षिक अनुसन्धान, स्रोतको पहुँच र साहित्यिक सम्पदाको संरक्षणमा तिनीहरूको योगदानको समीक्षाद्वारा यस लेखले साहित्यिक अध्ययनको प्रगतिमा पुस्तकालयको अपरिहार्य महत्त्वलाई

उजागर गर्ने उद्देश्य राखेको छ। तिनीहरूको भूमिकाको गहिरो समझले विद्युतीय युगमा तिनीहरूको सान्दर्भिकतालाई मात्र बलियो बनाउने होइन साहित्यिक शिक्षामा आवश्यक संस्थाको रूपमा तिनीहरूको निरन्तर विकासको पक्षमा वकालत पनि गर्दछ।

**अध्ययनविधि**

प्रस्तुत लेखमा साहित्यिक अनुसन्धानमा पुस्तकालयको भूमिकाको विश्लेषण गर्न मिश्रित अध्ययनविधिको प्रयोग गरिएको छ।यसमा खास गरी गुणात्मक अनुसन्धानविधि प्रयोग गरिएको छ जसमा अतीतमा भएगरेका साहित्यको पुनरावलोकन, घटनाअध्ययन र सर्वेक्षणविधिको संयोजन गरिएको छ।साहित्यिकअनुसन्धानमा पुस्तकालयले ऐतिहासिक रूपमा निर्वाह गरेको भूमिकाबारे बुझ्नका लागि विद्यमान शैक्षिक लेख, पुस्तक र प्रतिवेदनको गहन विश्लेषण गरिएको छ।फलतः यस क्षेत्रमा रहेका अनुसन्धेय खाडल र देखापरेका नयाँ प्रवृत्तिहरू पहिचान गर्न मद्दत मिलेको छ।साहित्यिक अनुसन्धानमा पुस्तकालयको योगदान बुझ्न त्रि.वि. केन्द्रीय पुस्तकालय, मदन पुरस्कार पुस्तकालय र उपत्यका सार्वजनिक पुस्तकालयको भ्रमण गरी गहिराइमा अध्ययन गरिएको छ।विदेशी लेखक तथा दार्शनिक र पुस्तकालयको अन्तर्सम्बन्ध थाहा पाउनु इन्टेरनेटको सहयोग लिइएको छ।यसमा दुर्लभ पाण्डुलिपिको पहुँच, विद्युतीय स्रोतको उपलब्धता, अनुसन्धान सहयोग र विद्वान्हरूसँगको छलफलजस्ता पक्षका आधारमा विश्लेषण गरिएको छ।साहित्यिक अनुसन्धानकर्ता, विद्यार्थी र पुस्तकालयाध्यक्षहरूको अनुभव, चुनौती र अपेक्षा बुझ्न मौखिक प्रश्नोत्तर गरी तथ्याङ्कको टिपोट गरिएको छ।साथै पुस्तकालयकर्मीसँग गहन वार्तालाप गरी पुस्तकालयले साहित्यिक अनुसन्धानलाई कसरी सहज बनाइरहेका छन् भन्ने बारेमा विज्ञहरूको दृष्टिकोण बुझिएको छ।कुराकानी र सर्वेक्षणबाट प्राप्त गुणात्मक तथ्याङ्कलाई विषयगत विश्लेषण गरिएको छ भने सर्वेक्षण प्रतिक्रियाबाट सामान्य ढाँचा र प्रवृत्तिहरू पत्ता लगाउन विश्लेषणात्मक विधि प्रयोग गरिएको छ।फतलः उपर्उल्लिखित विधिले विद्युतीय युगमा पुस्तकालयले साहित्यिक अनुसन्धानलाई कसरी आकार दिँदै सहयोग गरिरहेका छन् भन्ने विषयमा गहनतामा पुग्न सहज बनाएका छन् ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत लेख पुस्तकालय र सूचना विज्ञानका सिद्धान्त र साहित्यिक अनुसन्धानको पारस्परिक सम्बन्धमा आधारित छ जसले पुस्तकालयले साहित्यिक अनुसन्धानको महत्त्वपूर्ण केन्द्रको रूपमा कसरी कार्य गर्छन् भनेर विश्लेषण गरेको छ।यसमा निम्न सैद्धान्तिक दृष्टिकोणहरू समावेश गरिएका छन्:

पाठक-प्रतिक्रिया सिद्धान्त (रिडर्स रेस्पोनस् थियरी) ले साहित्यमा पाठकबीचको अन्तरक्रियाबाट अर्थ निर्माण हुन्छ।पाठकको अनुभव, दृष्टिकोण र सामाजिक सन्दर्भले व्याख्यालाई प्रभावित गर्दछ।पुस्तकालयमा उपलब्ध विविध संस्करण, आलोचनात्मक टिप्पणी र पाठकसमीक्षाले बहुआयामिक व्याख्याको सम्भावना प्रदान गर्दछ। स्टेन्ली फिसले आफ्नो पुस्तक *Is There a Text in This Class (1980)* नामक ग्रन्थमा पाठकलाई फरक दृष्टिकोणबाट साहित्य बुझ्न प्रेरित गर्छ (फिस, १९८०, पृ. ५२६) भनेका छन्।उनले साहित्यिक अनुसन्धानमा पुस्तकालयको भूमिका सन्दर्भमा यो सिद्धान्तले विविध साहित्यिक स्रोतहरू प्रदान गर्छ।पुस्तकालयले पाठकलाई संलग्न हुन, व्याख्या गर्न र पाठ छलफल गर्न मद्दत पुऱ्याउँछ।यसका लागि पुस्तकालयले अन्तरक्रियात्मक ठाउँ सिर्जना गरेर बहसलाई प्रवर्द्धन गर्दछ।पुस्तकालयले साहित्यका विविध संस्करण, समालोचना र समीक्षा उपलब्ध गराएर महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन्।फलतः अनुसन्धाताले बहुव्याख्या प्राप्त गर्न सक्छन् ।

थप रूपमा, पठनसमूह र साहित्यिक छलफलले पाठकको अनुभवलाई समृद्ध बनाउँछ। पाठकले खुला रूपमा आफ्नो धारणा व्यक्त गर्न सक्दछन्।उल्फ ग्याङ्ग आइसरको पुस्तक *The Act of Reading: A Theory of Aesthetic Response* मा सामूहिक अध्ययनले नयाँ विचार उत्पन्न गर्छ भनेका छन्।समूहिक बहस र संवादले साहित्यिक अर्थहरूको विविधता उजागर गरिदिन्छ (आइसर, सन् १९७८, पृ. ७७) । यस्तो गतिविधिले पठन संस्कृतिलाई बलियो बनाउँछ । साहित्यलाई गहिरोसँग बुझ्न सहयोग पुऱ्याउँछ।फलतः साहित्य -अनुसन्धानलाई बल पुग्दछ।

अनुसन्धाताले सूचना खोज्ने व्यवहारलाई आधार मानेर क्यारोल सी. कुहल्थाउले *Seeking Meaning: A Process Approach to Library and Information Services (Libraries Unlimited Guided Inquiry)* शीर्षकको ग्रन्थ प्रकाशित गरेकी छन् ।यस पुस्तकमा शोधकर्ता, साहित्यअनुसन्धाताले सूचनास्रोतहरू केकसरी खोज्छन् भन्ने कुराबारे चर्चा गरिएको छ।पुस्तकालयको संरचना, सूचीकरण र विद्युतीय डाटाबेसले साहित्यिक अनुसन्धान प्रक्रियालाई केकसरी सहज बनाउँछ भन्नेमा यो ग्रन्थ केन्द्रित छ (कुहल्था, २००४, पृ. ४४)।अध्येताको व्यवहार बुझ्नाले पुस्तकालयलाई अभिलेख, विशेष डाटाबेस र

अनुसन्धान परामर्श आदि क्षेत्रमा मद्दत गर्दछ।अध्ययनका लागि प्राथमिक स्रोत र द्वितीय सामग्रीका ढाँचा पहिचान गर्न सहज हुन्छ ।पुस्तकालयले साहित्यिक अन्वेषकलाई कसरी सघाउँछन् भने उनीहरूका लागि कुन सामग्री उपयुक्त हो र कुन अनुपयुक्त ।

फ्रान्सेली समाजशास्त्री पियरे बोर्डियुले सांस्कृतिक पूँजीसम्बन्धी सिद्धान्त प्रस्तुत गरेका छन्, जसका आधारमा पुस्तकालयलाई सांस्कृतिक संस्था मान्न सकिन्छ।पुस्तकालयले विद्वान्हरूको शैक्षिक तथा बौद्धिक पूँजीनिर्माणमा महत्त्वपूर्ण योगदान गर्दछ।यसै विचारलाई उनले आफ्नो चर्चित कृति *Distinction: A Social Critique of the Judgment of Taste* मा स्पष्ट रूपमा व्याख्या गरेका छन्।

बोर्डियुका अनुसार पुस्तकालय केवल पुस्तकहरूको भण्डारण स्थलमात्र होइन।यो सांस्कृतिक सम्पदाको संरक्षक तथा व्यवस्थापक हो जसले कुन साहित्य मूल्यवान् ठहरिन्छ र कसले त्यसमा पहुँच प्राप्त गर्छ भन्ने कुरालाई प्रभाव पार्दछ।पुस्तकालयले ज्ञानको सिर्जना र प्रसारमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन्।

विविध र समावेशी सङ्ग्रहसङ्कलन गरेर पुस्तकालयले परम्परागत साहित्यिक पदानुक्रमलाई चुनौती दिन सक्छन्।यसले समाजका कम प्रतिनिधित्व गरिएका समुदायका आवाजलाई स्थान दिन्छ।यसरी, पुस्तकालय ज्ञानको लोकतान्त्रीकरण गर्ने साधनका रूपमा कार्य गर्दछ।

बोर्डियुले सन् १९९७ मा उल्लेख गरेझैँ, पुस्तकालयले सांस्कृतिक पूँजीको आदानप्रदानलाई प्रवर्द्धनमात्र गर्दैन यसले परिवर्तनकारी भूमिका पनि निर्वाह गर्दछ।यसले अध्ययन, अनुसन्धान र बौद्धिक विकासका अवसरहरू सिर्जना गर्दछ।समग्रमा, पुस्तकालय समाजको बौद्धिक उत्थानका लागि एक महत्त्वपूर्ण संस्था हो (बोर्डियु, १९९७, पृ. ६३) भनेका छन् ।उनले यो समाज र पुस्तकालयको सम्बन्धका विषयमा प्रकाश पार्ने क्रममा भनेका हुन् ।

मिसेल फुकोको *The Archaeology of Knowledge (1969)* मा इतिहास र ज्ञानप्रति परम्परागत दृष्टिकोणलाई चुनौती दिइएको छ।इतिहासलाई निरन्तर, रेखीय प्रगतिको रूपमा हेर्नुको सट्टा, फुकोले पुरातत्वको अवधारणा प्रस्तुत गर्छन्।उनी स्थिर, सुसङ्गत बौद्धिक परम्पराको विचारलाई अस्वीकार गर्छन् र यसको सट्टा विसङ्गति र विच्छेदनहरूमार्फत ज्ञान कसरी उत्पादन र रूपान्तरण हुन्छ भनेर जाँच गर्न मन पराउँछन्।व्यक्तिगत विचारकबाट ज्ञानलाई शासन गर्ने फराकिलो प्रणालीहरूमा ध्यान केन्द्रित गरेर *द आर्कियोलोजी अफ नलेज*ले प्रवचनलाई परिभाषित र नियमन गर्ने शक्तिको पाठ, विषय र संस्थाको अध्ययनको लागि रूपरेखा प्रदान गर्छन्।

उनले ज्ञानलाई कसरी संरचित, वर्गीकृत र प्रसार गर्न सकिन्छ भनी यसमा उल्लेख गरेका छन् जुन पुस्तकालयको प्रकार्य र प्राविधिक कार्यसँग सम्बद्ध देखिन्छ।यस कार्यमा फुकोले विशिष्ट विचार वा लेखकको अध्ययनबाट के थाहा पाउन सकिन्छ र दिइएको अवधिभित्र ज्ञान कसरी व्यवस्थित गरिन्छ भनेर निर्धारण गर्ने अन्तर्निहित प्रणालीको विश्लेषण गर्छन् (Foucault, 1969, p: 59)।उनले अभिलेख भनेको केवल कागजातको सङ्ग्रहणमात्र होइन तर वर्गीकृत र व्यवस्थित ज्ञानलाई नियन्त्रण गर्ने नियमहरूको सेटको रूपमा व्याख्या गर्छन् ।

विद्युतीय मानविकी दृष्टिकोणले पुस्तकालय सेवा र साहित्यिक अनुसन्धानको स्वरूपलाई परिवर्तन गरेको छ।यसमा विद्युतीय अभिलेख, खुला-पहुँचका लागि मञ्च र साहित्यिक विश्लेषणमा एआईमा आधारित उपकरणहरूको प्रयोग र यसको प्रभावको अध्ययन समावेश छ।

इलेक्ट्रोनिक मानविकीले साहित्यिक अनुसन्धानमा क्रान्तिकारी परिवर्तन ल्याइरहेको छ र पुस्तकालयको भूमिकालाई पुन: परिभाषित गरिरहेको छ।यस डिजिटल युगमा, पुस्तकालय अब केवल पुस्तक गोदामहरू मात्र रहेनन् - तिनीहरू डिजिटल गतिशील केन्द्र बनिरहेका छन्।पाठविश्लेषण सफ्टवेयर, डिजिटल अभिलेख र अन्तरक्रियात्मक प्लेटफर्मजस्ता उन्नत उपकरणहरू एकीकृत गरेर, पुस्तकालयले अनुसन्धानकर्तालाई नयाँ दृष्टिकोणका साथ साहित्यअन्वेषण गर्न सहयोग गर्छन्।तिनीहरूले सहकार्यलाई सहज बनाउँछन्, विशाल डिजिटल स्रोतमा पहुँच प्रदान गर्छन् र विद्वान्हरूलाई पहिले अकल्पनीय ढाँचा र जडानहरू उजागर गर्न मद्दत गर्छन्।यस विकसित परिदृश्यमा, पुस्तकालयकर्मी केवल पुस्तकहरूको संरक्षकमात्र होइनन् तर डिजिटल सम्प्रेषक पनि हुन्, जसले अनुसन्धानकर्तालाई इलेक्ट्रोनिक मानविकीको जटिल वेबमार्फत मार्गदर्शन गर्छन्।

यी सैद्धान्तिक दृष्टिकोण प्रयोग गरी, यो अध्ययनले पुस्तकालयलाई साहित्यिक अनुसन्धानको लागि अपरिहार्य स्रोतकेन्द्रको रूपमा मूल्याङ्कन गर्छ, जसले परम्परागत र विद्युतीय स्रोतमा पहुँचको सुविधा दिनुका साथै सांस्कृतिक सम्पदाको संरक्षण र विद्वत्तापूर्ण प्रवचनको निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ।

## साहित्यिक स्रोतको पहुँच

पुस्तकालयमा प्राचीन र समकालीन कृति, दुर्लभ पाण्डुलिपि, शैक्षिक जर्नल र विद्युतीय डाटाबेस उपलब्ध हुने भएकाले त्यसमा पहुँचको सहजता साहित्यिक अनुसन्धानको गुणस्तरमा प्रत्यक्ष प्रभाव

पार्दछ।अन्य विषयजस्तै पुस्तकालयले साहित्यिक अनुसन्धानकर्ताका लागि आवश्यक केन्द्रको रूपमा कार्य गर्छन् जसले गहन अध्ययनलाई सहयोग गर्न विस्तृत स्रोत र विशेष सेवाहरू प्रदान गर्छन्।दुर्लभ पाण्डुलिपि, ऐतिहासिक अभिलेख र व्यापक साहित्यिक डेटाबेसमा पहुँचदेखि लिएर अन्तरपुस्तकालय सापटी र विद्युतीय भण्डारसम्म, पुस्तकालयले विद्वान्हरूलाई अमूल्यसामग्री उपलब्ध गराउँछन्।धेरै पुस्तकालयले व्यक्तिगत अनुसन्धान परामर्श पनि प्रदान गर्छन् जसले अनुसन्धानकर्तालाई जटिल साहित्यिक सिद्धान्त र पाठ्यविश्लेषण बुझ्न सहायता पुर्‍याउँछ।साथै आधुनिक पुस्तकालयले एआई-सञ्चालित खोज उपकरण र डिजिटलाइज्ड सङ्ग्रहजस्ता उन्नत प्रविधिहरू समावेश गर्दै साहित्यिक अन्वेषणलाई अझ प्रभावकारी बनाइरहेका हुन्छन्।शैक्षिक वातावरणलाई समृद्ध बनाउँदै, पुस्तकालयले साहित्यिक अनुसन्धानको संरक्षण, प्रसार र वृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन्।

## विद्युतीकरणको प्रभाव

विद्युतीय अभिलेखहरू, ई-पुस्तकहरू र अनलाइन डाटाबेसहरूले आधुनिक साहित्यिक अनुसन्धानलाई सहज बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । डिजिटलाइजेसनले साहित्यको पहुँच, विश्लेषण र संरक्षण गर्ने तरिकामा क्रान्तिकारी परिवर्तन ल्याएको छ।अब विद्वान्हरूले भौगोलिक सीमाबन्धनबिना दुर्लभ पाण्डुलिपि, ऐतिहासिक पाठहरू र समकालीन अनुसन्धान सामग्रीहरू सजिलै अन्वेषण गर्न सक्छन्।पाठ-उत्खनन सफ्टवेयर, उद्धरण प्रबन्धक र एआई-सञ्चालित साहित्यिक विश्लेषण उपकरणहरूले अनुसन्धानको दक्षतालाई थप बढाएका छन्, जसले गहन पाठ्यव्याख्या र तुलनात्मक अध्ययनलाई सम्भव बनाएको छ।यद्यपि, डिजिटलाइजेसनले जानकारी ओभरलोड, अनलाइन स्रोतहरूको विश्वसनीयता र परम्परागत पुस्तकालयहरूको घट्दो भूमिकाको बारेमा केही चिन्ताहरू पनि उत्पन्न गरेको छ।यी चुनौतीहरूका बाबजुद, विद्युतीय क्रान्तिले साहित्यिक अनुसन्धानको दायरा र पहुँचलाई उल्लेखनीय रूपमा विस्तार गरेको छ, यसलाई अझ बढी गतिशील र समावेशी बनाएको छ।

## प्रयोगसंलग्नता र उपयोग

साहित्यिक अनुसन्धानकर्ताले पुस्तकालय स्रोतहरू कत्तिको उपयोग गर्छन् र तिनीहरूसँगको संलग्नता कस्तो छ भन्ने कुराले उनीहरूको अध्ययनको गहिराइ र गुणस्तरमा प्रत्यक्ष प्रभाव पार्छ।पुस्तकालयले बौद्धिक केन्द्रको रूपमा काम गर्दै दुर्लभ पाण्डुलिपिहरू, साहित्यिक अभिलेखहरू,

विद्युतीय डाटाबेसहरू र गहन साहित्यिक विश्लेषणका लागि आवश्यक अनुसन्धान सामग्रीहरूमा पहुँच प्रदान गर्छन् । अनुसन्धानकर्ताहरूले प्रायः अन्तर-पुस्तकालय सापटी, विशेषसङ्ग्रह र अनुसन्धान सहायताजस्ता पुस्तकालय सेवाहरूमा निर्भर रहन्छन्।यद्यपि, पहुँच, प्राविधिक प्रगति र व्यक्तिगत समर्थनको आधारमा संलग्नताको स्तर फरक हुन सक्छ।

डिजिटलाइजेसनको बढ्दो प्रभावसँगै पुस्तकालयहरूले प्रयोगकर्ता-मैत्री विद्युतीय क्याटलगहरू, अनलाइन भण्डारहरू र अन्तरक्रियात्मक सिकाइ स्थानहरू एकीकृत गरेर निरन्तर विकसित हुन आवश्यक छ।कार्यशालाहरू, पठन समूहहरू र अनुसन्धान सहयोगहरूमार्फत सक्रिय सहभागिता प्रोत्साहित गरेर पुस्तकालयहरू र साहित्यिक व्यक्तित्वबीचको सम्बन्धलाई थप सुदृढ बनाउन सकिन्छ।यसले पुस्तकालयलाई साहित्यिक अनुसन्धानको लागि अमूल्य स्रोतको रूपमा स्थापित गर्न मद्दत पुऱ्याउँछ, जसले शैक्षिक अनुसन्धानको क्षेत्रमा तिनीहरूको महत्त्वपूर्ण भूमिका सुनिश्चित गर्दछ।

संसारका धेरै प्रसिद्ध लेखकहरूले पुस्तकालयको गहिरो प्रशंसा गरेका छन् र तिनीहरूलाई ज्ञान र सृजनशीलताको पवित्रस्थानको रूपमा मानेका छन्।यहाँ विश्वचर्चित केही उल्लेखनीय लेखकहरू छन् जसले पुस्तकालयहरूको उच्च मूल्याङ्कन गरेका छन्ः

प्रसिद्ध जापानी उपन्यासकार हारुकी मुराकामीले पुस्तकालयबाट प्रेरणा पाएको कुरा बताएका छन्।उनको उपन्यास *काफ्का अन द शोर*मा पुस्तकालयमा शरण लिने केन्द्रीय पात्र देखाइएको छ **(Murakami, 2005)**।उनका कृतिहरूमा प्रायः पुस्तकालयलाई रहस्यमय र जादूमय स्थानहरूको रूपमा चित्रण गरिएको छ, जहाँ वास्तविकता र कल्पनाको सीमाना धमिलो हुन्छ।उनले पुस्तकालयको बारेमा *द स्ट्रेन्ज लाइब्रेरी* (सन् २००५) शीर्षकको अर्को पुस्तक लेखेका थिए। यो एउटा सानो, अतिवास्तविक उपन्यास हो जुन एक जवान केटाको बारेमा रहेको छ जो पुस्तकालयमा जान्छ र एक विचित्र र भयानक भूमिगत भूलभुलैयामा फस्छ (Murakami, 2014)। कथाले कल्पना र रहस्यका तत्त्वहरूलाई मिसाउँछ, मुराकामीको हस्ताक्षरसहित सपनाजस्तो कथाशैली प्रदर्शन गर्दछ।

बेलायती साहित्यकार भर्जिनिया वुल्फले सार्वजनिक पुस्तकालयको समर्थक थिइन् र तिनलाई अनुसन्धानको लागि बारम्बार प्रयोग गर्थिन्।उनले *अ रुम अफ वन्स ओन*मा शिक्षा र पुस्तकालय स्रोतमा महिलाहरूको पहुँचको पक्षमा तर्क राखिन् (**Woolf,** 1932)।वुल्फको पुस्तकालयसँगको सम्बन्धले उनको

साहित्यिक यात्रा र नारीवादी सोचलाई गहिरो प्रभाव पाऱ्यो (Woolf, 1932)।उनी नियमित रूपमा ब्रिटिश सङ्ग्रहालयको अध्ययनकोठामा अध्ययन गर्न जान्थिन् र त्यहाँबाट उनले निबन्ध, उपन्यास र ऐतिहासिक अनुसन्धानको लागि व्यापक सामग्रीसङ्कलन गरिन्।तर उनले महिलाले पुस्तकालय र शैक्षिक संस्थामा भोग्नुपरेका कठिनाइलाई पनि प्रस्ट रूपमा देखिन्। *अ रुम अफ वन्स ओन*मा उनले महिला भएको कारणले विश्वविद्यालयको पुस्तकालयमा प्रवेश निषेधको अनुभव वर्णन गरेकी छिन् जसले उनको समयको लैंगिक भेदभावलाई उजागर गर्थ्यो।वुल्फको व्यक्तिगत पुस्तकालय, जुन विभिन्न साहित्यिक र दार्शनिक पुस्तकहरूले भरिएको थियो, उनको जिज्ञासा र पुस्तकहरूको परिवर्तनकारी शक्तिमा विश्वासको प्रतीक थियो।

पुस्तकालय विज्ञानका अग्रणी भारतीय व्यक्तित्व, डा. एस. आर. रङ्गनाथनले पुस्तकालय विज्ञानका पाँच नियमहरू प्रतिपादन गरे र पुस्तकालयहरूलाई सिकाइ र ज्ञानको केन्द्रको रूपमा प्रवर्द्धन गरे।'भारतमा पुस्तकालय विज्ञानका पिता' भनेर चिनिने उनले पुस्तकालय सङ्गठन र व्यवस्थापनमा नयाँ आयाम थपे (Ranganathan, 1931)। उनका पाँच नियमहरूले आधुनिक पुस्तकालय अभ्यासहरूको आधारशिला राखे, जसले पहुँच, दक्षता र प्रयोगकर्ताको आवश्यकतालाई प्राथमिकता दिन्थ्यो।रङ्गनाथनको कोलोन क्लासिफिकेसन प्रणालीले पुस्तकको वर्गीकरणमा थप लचिलो र व्यवस्थित दृष्टिकोण प्रस्तुत गऱ्यो, जसले जानकारी खोज्न सजिलो बनायो।उनी के विश्वास गर्थे भने पुस्तकालय केवल पुस्तकहरूको भण्डारमात्र होइनन् बरु ज्ञानको प्रसार गर्ने बौद्धिक गतिशील केन्द्र हुन्।उनका विचारले विश्वभरिका पुस्तकालय विज्ञान अभ्यासहरूमा गहिरो प्रभाव पार्दै आएका छन् जसले पुस्तकालयलाई अनुकूलनीय, प्रयोगकर्ता-केन्द्रित र शैक्षिक तथा अनुसन्धान क्षेत्रको अभिन्न अङ्गको रूपमा स्थापित गरेको छ।यी लेखकहरूले पुस्तकालयहरूको उपयोगमात्र गरेनन् तर रचनात्मकता र ज्ञानको प्रवर्द्धनमा तिनीहरूको भूमिकालाई मूल्याङ्कन गर्दै तिनीहरूको संरक्षण र विकासको पक्षमा सक्रिय रूपमा वकालत पनि गरे।

राजनीतिक र आर्थिक चिन्तनका महान व्यक्तित्व कार्ल मार्क्सको पुस्तकालयसँग, विशेष गरी ब्रिटिश सङ्ग्रहालयको अध्ययनकोठासँग गहिरो र दीर्घकालीन सम्बन्ध थियो, जहाँ उनले *दास क्यापिटल*को अनुसन्धान र लेखनमा लामो समय खर्च गरे।मार्क्सका लागि पुस्तकालयहरू केवल पुस्तकहरूको भण्डार थिएनन् - ती विचारहरूको युद्धभूमि थिए, जहाँ उनले आर्थिक सिद्धान्त, ऐतिहासिक कागजात र दार्शनिक ग्रन्थहरूसँग गहन रूपमा अन्तर्क्रिया गरे, जसले पूँजीवादको उनको

आलोचनात्मक दृष्टिकोणलाई आकार दियो (Bennett, 2022)।एडम स्मिथ र डेभिड रिकार्डोजस्ता शास्त्रीय अर्थशास्त्रीको उनले गरेको सूक्ष्म अध्ययन, साथै सरकारी प्रतिवेदन र तथ्याङ्कीय विवरणको विश्लेषणले पुस्तकालयले उनको क्रान्तिकारी विचारको निर्माणमा कसरी महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो भन्ने स्पष्ट पार्छ। पुस्तकालयमा आधारित विस्तृत अनुसन्धानप्रति मार्क्सको निर्भरताले आलोचनात्मक चिन्तनलाई बढावा दिन बौद्धिक स्थानको महत्त्वलाई बलियो पार्छ, जसले पुस्तकालयलाई केवल ज्ञानको संरक्षण गर्ने ठाउँ नभएर सामाजिक र राजनीतिक परिवर्तनको प्रेरक शक्तिको रूपमा पनि चित्रण गर्दछ।

चर्चित अङ्ग्रजी कवि टी.एस. इलियटले दर्शन, साहित्य र धार्मिक ग्रन्थको सावधानीपूर्वक अध्ययन गरे जसले उनको काव्यशैली र विषयवस्तुलाई गहिरो प्रभाव पारेको थियो।उनले हार्वर्ड विश्वविद्यालयमा दर्शनशास्त्र अध्ययन गरे, इलियटले यसको विशाल पुस्तकालय स्रोतको व्यापक प्रयोग गरे।उनी विशेष गरी तत्त्वज्ञान, कविता र तुलनात्मक साहित्यका काममा रुचि राख्थे।इलियट बहुभाषी थिए, फ्रेन्च, जर्मन, ल्याटिन र ग्रीक भाषामा धाराप्रवाह थिए जसले गर्दा उनलाई तिनीहरूको मौलिक भाषामा पाठ पढ्न सक्षम बनाउँथ्यो।उनी प्रायः दुर्लभ र शास्त्रीय कृति खोज्थे, जसले उनको सङ्केतात्मक र अन्तरपाठ्य लेखनशैलीलाई आकार दियो।उनी आफ्नो सावधानीपूर्वक नोट-लिने र प्रायः उद्धरण, विचार र प्रतिबिम्बले नोटबुक भर्नेका लागि परिचित थिए।उनको पुस्तकालय अध्ययन गर्ने बानीले दर्शन र धर्मशास्त्र विशेष गरी दाँतेका कृति, भगवद्गीता, सेन्ट अगस्टिन र पूर्वी रहस्यवादसँग उनको गहिरो संलग्नतालाई प्रतिबिम्बित गर्दछ (Eliot, 1942, p. 45)।यी पठनहरूले उनको कवितामा समय, आध्यात्मिकता र सांस्कृतिक क्षयको अन्वेषणलाई उल्लेखनीय रूपमा प्रभाव पारे।पुस्तकालयमा इलियटको विशाल पठनले उनको शैलीमा प्रत्यक्ष योगदान पुऱ्यायो, जुन साहित्यिक सङ्केत र जटिल प्रतीकात्मकताले भरिएको थियो।

मनोविश्लेषणका संस्थापक सिग्मन्ड फ्रायडको पुस्तकालयसँगको सम्बन्धबारेमा धेरै ठाउँमा पढ्न पाइन्छ।उनी के भन्छन् भने मानिसको मन र पुस्तकालय एकअर्कासँग धेरै मिल्छन्। मनको स्मृतिहरू सङ्ग्रह गर्ने केन्द्र हो भने पुस्तकालयमा अक्षरहरूमा कैद गरिएका यादहरू सञ्चित गरिन्छन्।मानिसको मनमा विभिन्न अनुभवहरू सङ्कलित हुन्छन् जसरी पुस्तकहरूमा अनुभूतिजन्य कुराहरू लेखिएर दराजमा सुरक्षित गरिन्छन् (Freud, 1907, p. 25)।केही पुस्तकहरू सहजै बुझ्न सकिने हुन्छन् भने केही जटिल हुन्छन्, ठीक त्यसैगरी, मानिसको अचेतन मनमा गहिरो रूपमा गडेर बसेका कुरा जटिल हुन्छन्। त्यसैले,

पुस्तकालय प्रतीकात्मक रूपमा मनको विभिन्न तहको प्रतिनिधित्व गर्ने ठाउँ हो।यो रहस्य उद्‌घाटन गर्ने स्थल पनि हो, जहाँ प्रत्येक पुस्तकले आफ्नै कथा बोकेको हुन्छ। मानिसको मन पनि पुस्तकझैँ पटक-पटक अध्ययन र अवलोकन गर्नुपर्ने एउटा रहस्यमय संसार हो।

उचित स्थान, प्रभावकारी सामग्री र व्यवस्थित सङ्कलनमार्फत पुस्तकालयले साहित्य अनुसन्धानलाई केवल टेवा दिएको छैन बरु एक अदृश्य दीपशिखा बनेर ज्ञानको बाटोलाई उज्यालो पार्दैआएको छ। पुस्तकालय केवल किताबहरूको भण्डार मात्र होइन, विचारहरूको महासागर हो जहाँ प्रत्येक पानाले कुनै न कुनै नयाँ दृष्टिकोणलाई उजागर गर्छ। माथि उल्लिखित प्रसिद्ध विद्वान्‌हरूको पुस्तकालयप्रतिको लगाव र उनीहरूको सृजनाले पुस्तकालयको गवेषणात्मक कार्यलाई थप पुष्टि मात्र गर्दैन बरु के प्रमाणित गर्छ भने ज्ञानको भव्य महल त्यही ठाउँमा उभिन्छ, जहाँ अध्ययन, अनुसन्धान र जिज्ञासाले गहिराइ पाउँछन्। हरेक अक्षर, हरेक पंक्ति, हरेक ग्रन्थ-सबै पुस्तकालयको काखमा बसेर भविष्यका विचारकहरूको मार्गनिर्देशक बन्न आतुर छन्। पुस्तकालयले साहित्य अनुसन्धानलाई प्रवाह दिने एउटा अविरल स्रोतको रूपमा काम गर्छ। यसको हरेक कुनामा समयले सङ्ग्रह गरेका धरोहरहरू लुकेका छन् जसले विगतको सम्झना मात्रै दिलाउँदैन वर्तमानलाई दिशा दिन्छ र भविष्यलाई मार्गनिर्देश गर्छ। यसै भव्यता र महत्त्वकै कारण पुस्तकालय ज्ञानको अनन्त प्रकाश हो, जहाँ साहित्य केवल अक्षरहरूमा सीमित हुँदैन बरु विचार भावना र चेतनाको अथाह प्रवाहमा परिणत हुन्छ।

## निष्कर्ष

पुस्तकालय मानवइतिहासभरि ज्ञानको संरक्षण, अनुसन्धान र प्रसारका केन्द्रका रूपमा महत्त्वपूर्ण रहेका छन्।साहित्यिक अध्ययनका लागि तिनीहरूले पाठ्यसामग्री, आलोचनात्मक विश्लेषण र अभिलेखीय स्रोतहरूको पहुँच उपलब्ध गराएर अनुसन्धान प्रवर्द्धन गर्छन्।विद्युतीय प्रविधिको विकासले सूचना उपलब्धतामा व्यापकता ल्याए तापनि पुस्तकालय अझै पनि शैक्षिक अनुसन्धानका मेरुदण्डका रूपमा स्थापित छ।दुर्लभ पाण्डुलिपि, प्राथमिक स्रोत र अनुसन्धान डाटाबेस उपलब्ध गराउने क्षमताले तिनीहरूको भूमिका अझ सशक्त बनेको छ।नेपालमा त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय र मदन पुरस्कार पुस्तकालयजस्ता पुस्तकालयले नेपाली साहित्यिक अनुसन्धानमा ठोस योगदान दिँदै आएका छन्।यी पुस्तकालयले अनुसन्धानकर्ताका लागि कागजी तथा विद्‌युतीय स्रोत, विज्ञसमीक्षित जर्नल र सन्दर्भसेवा उपलब्ध गराउँछन्।साथै, अन्तरपुस्तकालय सापटी र अनुसन्धान मार्गदर्शनजस्ता सुविधाले

अनुसन्धान प्रक्रिया समृद्ध बनाएका छन्।यद्यपि, विद्युतीय युगमा पुस्तकालयले विविध चुनौतीको सामना गरिरहेका छन्।खुलापहुँच (ओपन एक्सेस) सञ्जाल, कृत्रिम बुद्धिमत्ता (एआई) मा आधारित खोज प्रणाली र डिजिटल स्रोतको बृद्धिले अनुसन्धानका तरिकामा आमूल परिवर्तन ल्याएको छ। यद्यपि, पुस्तकालयले प्रामाणिक स्रोतहरूको सुनिश्चितता, दुर्लभ साहित्य संरक्षण र विद्वतापूर्ण अध्ययनको प्रवर्द्धन गरेर आफ्ना पारम्परिक भूमिका जोगाइरहेका छन्।सैद्धान्तिक रूपमा, पाठक-प्रतिक्रिया सिद्धान्त, सांस्कृतिक पूँजी सिद्धान्त र विद्युतीय मानविकी दृष्टिकोणले पुस्तकालयको भूमिकालाई अझ व्याख्या गर्छन्।विद्युतीय स्रोतहरूको वृद्धि, शैक्षिक वातावरणको विकास र साहित्यिक सम्पदाको संरक्षणमा पुस्तकालयले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै साहित्य अनुसन्धानलाई अझ व्यवस्थित, प्रभावकारी र दिगो बनाइरहेका छन्।

## सन्दर्भग्रन्थसूची


अधिकारी, इन्द्र, (२०७८), *पुस्तकालय तथा स्रोत केन्द्रः व्यवस्थापन एवम् सञ्चालन*, चौथो संस्क. पुस्तकालय तथा स्रोत केन्द्रः व्यवस्थापन एवम् सञ्चालन ।

Bourdieu, P. (1984). *Distinction: A social critique of the judgment of taste* (R. Nice, Trans.). Harvard University Press. (Original work published 1979)

Eliot, T. S. (1942). *The classics and the man of letters*. Oxford University Press.

Fish, S. (1980). *Is there a text in this class?* The authority of interpretive communities. Harvard University Press.

Foucault, M. (1972). *The archaeology of knowledge* (A. M. Sheridan Smith, Trans.). Pantheon Books. (Original work published 1969)

Freud, S. (1907). *Delusions and dreams in Jensen's Gradiva* (H. W. Chase, Trans.). Moffat, Yard & Company. (Original work published 1907)

Iser, W. (1978). *The act of reading: A theory of aesthetic response*. Johns Hopkins University Press.

Kuhlthau, C. C. (2004). *Seeking meaning: A process approach to library and information servi*ces (2nd ed.). Libraries Unlimited.

Murakami, H. (2005). *Kafka on the Shore* (P. Gabriel, Trans.). Knopf. (Original work published 2002)

Murakami, H. (2014). *The strange library* (T. Goossen, Trans.). Knopf. *(Original work published 2005)*

Ranganathan, S. R. (1931). *The five laws of library science*. Ess Ess Publications.

Sue Bennett, "Inside the Library Where Marx and Engels Wrote *The Communist Manifesto*," *Australian Financial Review*, December 22, 2022.

Woolf, V. (1932). *The common reader: Second series*. Hogarth Press.

Woolf, V. (1932). How should one read a book? In *The common reader: Second series* (pp. 1–12). Hogarth Press.